

स्थानीय राजपत्र

त्रिपुरासुन्दरी गाउँपालिकाद्वारा प्रकाशित

(खण्ड ९) सल्यानटार, धादिङ, २०८३ साल साउन १ गते (संख्या १)

भाग २

त्रिपुरासुन्दरी गाउँपालिकाको आर्थिक ऐन,२०८३ (संसोधन समेत)

प्रस्तावना: आर्थिक वर्ष २०८३/८४ मा त्रिपुरासुन्दरी गाउँपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वान्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम त्रिपुरासुन्दरी गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "आर्थिक ऐन २०८३" रहेको छ।

(२) यो ऐन २०८३ साल श्रावण १ गतेदेखि त्रिपुरासुन्दरी गाउँपालिका क्षेत्रभित्र लागु हुनेछ।

२. **घर कर :** गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम घर कर लगाइनेछ।

३. **भूमि कर / मालपोत कर :** गाउँपालिका क्षेत्रभित्र अनुसूची २ बमोजिम भूमि (मालपोत) कर लगाइनेछ।

४. **घर वहाल कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर ,पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर / जग्गा वहाल कर लगाइनेछ।

५. **व्यवसाय कर :** गाउँपालिका क्षेत्रभित्र व्यापार ,व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइनेछ।

६. **जडीबुटी, कवाडी र जीवजन्तु कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यावसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइनेछ।

७. **सवारी साधन कर** : गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइनेछ। तर ,प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **विज्ञापन कर :** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. **मनोरंजन कर**: गाउँपालिका क्षेत्रभित्र हुने मनोरंजनमा अनुसूचि (८) बमोजिम मनोरंजन कर लगाइनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०. **बहाल बिटौली शुल्क** : गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा

सोहि अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौली शुल्क लगाइनेछ।

११. **पार्किङ शुल्क :** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइनेछ।

१२. **सेवा शुल्क, दस्तुर :** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (११) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोहि अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइनेछ।

१३. **पर्यटन शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुको लागि अनुसूची (१२) मा उल्लेखित दरमा पर्यटक शुल्क लगाइनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१४. **फोहोर मैला व्यवस्थापन शुल्क** : गाउँपालिकाको फोहोरमैला व्यवस्थापन सम्बन्धमा अनुसूची (१३) मा उल्लेखित दरमा शुल्क लगाइनेछ।

१५. **कर छुट :** (१) करका दर घटाउन, बढाउन वा छुट दिन सक्ने : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि गाउँ कार्यपालिकाले निर्णय गरि आबश्यकता अनुसार ऐन बमोजिम लगाइएका दस्तुर, शुल्क, महसुल, जरिवाना र करका दर घटाउन, बढाउन वा त्यस्ता दस्तुर शुल्क, महसुल, जरिवाना र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम गरेको निर्णय लगत्तै बस्ने गाउँसभा समक्ष अनुमोदनका लागि पेश गर्नुपर्नेछ। उक्त निर्णय अनुमोदन नभएमा स्वत: खारेज हुनेछ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके बमोजिम हुनेछ।

१७. **जरिवाना सम्बन्धि व्यबस्था :** गाउँपालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्किङ वा व्यापार व्यवसाय वा फोहोरमैला गर्ने तथा प्रचलित कानुन बिपरितका कार्य गर्नेलाई राजश्व परामर्श समितिको निर्णय बमोजिम रु. पाँच सय देखि पच्चीस सय सम्म जरिवाना गर्न सक्नेछ। तर, त्यसरी जरिवाना गर्दा सम्बन्धित व्यक्तिलाई आफ्नो तर्फबाट सफाई

पेश गर्ने अधिकारबाट बन्चित गरिने छैन।

१८. **जरिवाना सम्बन्धि व्यवस्था :** (१) गाउँपालिकाको विषयगत शाखा, वडा तथा अन्य कार्यालयहरुबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनुपर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाई सेवासँग आबद्ध गरि अनिवार्य असुल गरि सेवा प्रवाह गर्नुपर्नेछ। साथै सेवाग्राहीले सेवा प्राप्त गर्नुपूर्व कर तिरेको कुरा पुष्टि गर्ने कागजात अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सेवाग्राहीले बुझाउनुपर्ने कर, शुल्क, दस्तुर तथा जरिवाना नलिई कुनै पनि कर्मचारी वा जनप्रतिनिधिले सेवा प्रदान गरेमा सो बापतको कर, शुल्क, दस्तुर तथा जरिवाना सहितको रकममा सत प्रतिसत थप गरि निज जिम्मेवार कर्मचारी तथा पदाधिकारीबाट असुल उपर गरिनेछ।

१९. **जरिवाना तथा सजाय :** यस ऐन बमोजिम आफ्नो कर्तव्यपालना गर्ने सिलसिलामा कुनै व्यक्तिले गाउँपालिकाको कर्मचारी तथा जनप्रतिनिधिलाई बाधा विरोध गरेमा वा अन्य कुनै रुपमा कार्यान्वयनमा बाधा उत्पन्न गरेमा सो कार्य गर्ने व्यक्तिलाई भौतिक क्षति भएको बाहेक पाँच हजार रुपैयाँ देखि एक लाख रुपैयाँ सम्म जरिवानाको सजाय हुनेछ।

२०. **पुरस्कार तथा सुराकी खर्च सम्बन्धि व्यवस्था:** (१) कुनै व्यक्तिले आफ्नो करको दायित्व सम्पूर्ण वा केहि अंश छलेको वा छल्ने कोशिस गरेको प्रमाण सहितको सूचना दिने व्यक्तिलाई त्यस्तो सुचनाको आधारमा असुल उपर गरिएको करको रकम मध्ये निजले पेस गरेको प्रमाणबाट निर्धारण भए जतिको करको बीस प्रतिशत बराबरको रकम गाउँ कार्यपालिकाबाट निर्णय गरि पुरस्कार दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिम पुरस्कार पाउने व्यक्ति एक भन्दा बढि भएमा पुरस्कारको रकम दामासायी रुपमा दिइनेछ।

(३) उपदफा (१) बमोजिमको सूचना दिने व्यक्तिका नाम, थर र वतन गोप्य राखिनेछ।

(४) यस दफा बमोजिमका सुबिधा गाउँपालिकाको कर्मचारी तथा जनप्रतिनिधिको हकमा लागु हुने छैन।

२१. **बाधा अडकाउ फुकाउ :** (१) यस ऐनको अनुसूचीमा उल्लेख नगरिएको कर तथा शुल्कका सम्बन्धमा गाउँ कार्यपालिकाले सोहि प्रकृतिको अन्य व्यवसायमा लाग्ने करका दरलाई सन्दर्भ लिई रु पाँच सय देखि बीस हजारसम्म करको भार पर्ने गरि कर तथा शुल्कको दर निर्धारण गर्न सक्नेछ । सो कर तथा शुल्कको दरलाई लगत्तै बस्ने गाउँसभा समक्ष अनुमोदनका लागि पेश गर्नुपर्नेछ ।

(२) यस ऐनको कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा गाउँ कार्यपालिकाले निर्णय गरी राजस्व परामर्श समितिको सिफारिसमा त्यस्तो बाधा अडकाउ फुकाउन आवश्यक आदेश जारी गर्न सक्नेछ । त्यस्तो आदेश जारी भएपछि लगतै बस्ने गाउँ सभा समक्ष निर्णय अनुमोदनका लागि पेश गर्नुपर्नेछ ।

(३) उपदफा १ र २ बमोजिम गरिएको निर्णय लगतै बस्ने गाउँ सभाबाट अनुमोदन नभएमा स्वत: खारेज हुनेछ ।

अनुसूची १
ऐनको दफा २ सँग सम्बन्धित

१. **घर कर** : घर कर निर्धारण प्रयोजनका लागि देहाय बमोजिम वा स्वघोषणा गरे अनुसार निम्न दररेटमा कम नहुने गरि मुल्यांकन गरिनेछ ।

क्र. स.	विवरण	करको दर	
		आ.व ०८२/८३	आ.व ०८३/८४
१.	कच्ची घर प्रति घरधुरी (एक तलासम्म)	१००	१००
२.	कच्ची घर प्रति घरधुरी (दुई तलासम्म)	१५०	१५०
३.	कच्ची घर प्रति घरधुरी (तीन तलासम्म)	२००	२००
४.	कच्ची घर प्रति घरधुरी (तीन तलाभन्दा माथि)	२५०	२५०
५.	पक्की घर प्रति घरधुरी (एक तलासम्म)	५००	५००
६.	पक्की घर प्रति घरधुरी (दुई तलासम्म)	७००	७००
७.	पक्की घर प्रति घरधुरी (तीन तलासम्म)	९००	९००
८.	पक्की घर प्रति घरधुरी (तीन तलाभन्दा माथि)	११००	११००

अनुसूची २

ऐनको दफा ३ सँग सम्बन्धित

२. भूमिकर (मालपोत कर)

क्र.स.	विवरण	करको दर		कैफियत
		आ.व २०८२/८३	आ.व २०८३/८४	
१.	बारी प्रति रोपनी (अव्वल)	१५	१५	
२.	बारी प्रति रोपनी (दोयम)	१४	१४	
३.	बारी प्रति रोपनी (सीम)	१२	१२	
४.	बारी प्रति रोपनी (चाहर)	१०	१०	
५.	खेत प्रति रोपनी (अव्वल)	२०	२०	
६.	खेत प्रति रोपनी (दोयम)	१८	१८	
७.	खेत प्रति रोपनी (सीम)	१५	१५	
८.	खेत प्रति रोपनी (चाहर)	१०	१०	

जरिवाना: *तोकिएको अवधिमा कर असुली नभएमा निम्नअनुसार जरिवाना लाग्नेछ ।*

क्र.सं.	बाँकी/बक्यौतामा	जरिवाना	कैफियत
१.	आ.व. २०८२/८३ को बक्यौतामा	१०%	यदि कर तिरेको रसिद नभेटिएको अवस्थामा पछिल्लो ११ वर्षको अवधि वा रजिस्ट्रेसन पास भएको मितिबाट सुरू वर्ष गणना गरिनेछ ।
२.	आ.व. २०८१/८२ को बक्यौतामा	२०%	
३.	आ.व. २०८०/८१ को बक्यौतामा	३०%	
४.	आ.व. २०७९/८० को बक्यौतामा	४०%	
५.	आ.व. २०७८/७९ को बक्यौतामा	५०%	
६.	आ.व. २०७७/७८ को बक्यौतामा	६०%	
७.	आ.व. २०७६/७७ को बक्यौतामा	७०%	
८.	आ.व. २०७५/७६ को बक्यौतामा	८०%	
९.	आ.व. २०७४/७५ को बक्यौतामा	९०%	
१०.	आ.व. २०७३/७४ को बक्यौता वा सो भन्दा अगाडी	१००%	

नोटः भु उपयोग परिषद्को स्वीकृती अनुसार जग्गा वर्गीकरण सम्पन्न भए पस्चात कायम हुने पुर्जामा जुनसुकै क्षेत्र उल्लेख भएतापनि साविक कै वर्गीकरण अनुसार मालपोत लाग्नेछ। साथै मालपोत उठाउदा रू १० भन्दा कम शुल्क आएको खण्डमा रु १० लाई न्यूनतम रकम मानी रसिद काटिनेछ।

अनुसूची ३
ऐनको दफा ४ सँग सम्बन्धित

३. घर बहाल कर

क्र. स.	विवरण	करको दर	
		आ.व २०८२/८३	आ.व २०८३/८४
३.१ घर बहाल कर			
१.	घर बहाल बापत घर धनीले पाउने वहाल रकमको	१०%	१०%
३.२ अन्य बहाल कर			
१.	भवन,पसल,टहरा वा जग्गा बापत पाउने वहाल रकमको	१०%	१०%
पुनश्चः कृषि प्रयोजनको लागि बहालमा दिएको भएमा ५०% छुट दिईनेछ। बैदेशिक रोजगारी तथा अध्ययन प्रयोजनका लागि आयस्रोत प्रमाणिकरणका लागि भाडा सम्झौता भएकोमा ७५% छुट दिईनेछ।			

अनुसूची ४
ऐनको दफा ५ सँग सम्बन्धित

४. व्यवसाय कर दर्ता/रजिस्ट्रेसन/अभिलेखिकरण

क्र. स.	विवरण	करको दर	
		आ.व २०८२/८३	आ.व २०८३/८४
४.१ उपभोग्य सामग्री तर्फ			
१.	किराना पसल-थोक बिक्रेता	१५००	१५००
२.	किराना पसल- खुद्रा बिक्रेता	५००	५००
३.	ईन्टरप्राईजेज(उदेश्य खुलेको समानान्तर प्रकृतिका मिश्रित व्यावसाय)	५०००	५०००

क्र. स.	विवरण	करको दर	
		आ.व २०८२/८३	आ.व २०८३/८४
४.	तरकारी तथा फलफुल पसल-थोक बिक्रेता	१०००	१०००
५.	तरकारी तथा फलफुल पसल-खुद्रा बिक्रेता	५००	५००
६.	मासु तथा माछा पसल-थोक बिक्रेता	१०००	१०००
७.	मासु तथा माछा पसल-खुद्रा बिक्रेता	५००	५००
४.२ अन्य व्यबसाय कर			
१.	भाडा पसल-थोक बिक्रेता	१५००	१५००
२.	भाडा पसल-खुद्रा बिक्रेता	५००	५००
३.	रड,सिमेन्ट,कर्कट पाता (पाँच लाख भन्दा कम पुजी)	२५००	२५००
४.	रड,सिमेन्ट,कर्कट पाता (पाँच लाख भन्दा बढी पुजी)	५०००	५०००
५.	रंग,रोगन,सिसा,प्लाईउड पसल-थोक बिक्रेता	५०००	५०००
६.	रंग रोगन तथा आर्ट व्यबसाय	१०००	१०००
७.	बिजुलीका सामाग्री पसल (वीस लाख भन्दा बढी पुजी)	५०००	५०००
८.	बिजुलीका सामाग्री पसल (वीस लाख भन्दा कम पुजी)	१०००	१०००
९.	सेनेटरी पसल-थोक बिक्रेता	३०००	३०००
१०.	सेनेटरी पसल-खुद्रा बिक्रेता	१५००	१५००
११.	रेडियो, टिभी, घडी ,क्यासेट ,क्यामेरा ,फ्रिज मोबाइल लगाएत इलेक्ट्रोनिक सामान ,कम्प्युटर बिक्रि तथा मर्मत पसल	३०००	३०००
१२.	रेडियो, टिभी, घडी ,क्यासेट ,क्यामेरा ,फ्रिज मोबाइल लगाएत इलेक्ट्रोनिक सामान ,कम्प्युटर बिक्रि (सोरूम)	१००००	१००००
१३.	फर्निचर तथा फिक्चर्स (खुद्रा विक्रेता)	३०००	३०००
१४.	फर्निचर तथा फिक्चर्स (सोरूम)	१००००	१००००
१५.	कपडा पसल,फेन्सी पसल	१०००	१०००
१६.	आर्ट व्यबसाय ,फोटो स्टुडियो,कलर ल्याव	१०००	१०००

क्र. स.	विवरण	करको दर	
		आ.व २०८२/८३	आ.व २०८३/८४
१७.	स्टेशनरी पुस्तक पसल-थोक बिक्रेता	१०००	१०००
१८.	वर्कशप (साईकल/मोटरसाइकल)	१०००	१०००
१९.	वर्कशप (चारपांग्रे र ठुलो साधन)	२०००	२०००
२०.	स्टेशनरी पसल-खुद्रा बिक्रेता	५००	५००
२१.	फ्रेश हाउस	५००	५००
२२.	गिफ्ट तथा कस्मेटिक ,जुत्ता पसल	१०००	१०००
२३.	व्युटी पार्लर	१०००	१०००
२४.	सुनचांदी पसल	३०००	३०००
२५.	टेन्ट हाउस र क्याटरिंग	३०००	३०००
२६.	मदिरा पसल थोक बिक्रेता	१००००	१००००
२७.	मदिरा पसल खुद्रा बिक्रेता	३०००	३०००
२८.	सटिंग सुटिंग लेडिस एंड जेंट्स	१०००	१०००
२९.	टेलरिंग (सिलाई मात्र)	५००	५००
३०.	सैलुन	५००	५००
३१.	व्युटी पार्लर तथा ट्रेनिंग सेन्टर समेत	१५००	१५००
३२.	डोको,नाम्लो,भकारी,प्लास्टिक,बास तथा बेतबासका सामाग्री पसल	२००	२००
३३.	कवाडी व्यबसाय	३०००	३०००
३४.	बैकल्पिक उर्जा	२०००	२०००
३५.	चस्मा पसल	१०००	१०००
३६.	सामुदायिक भवन तथा तालीम हल (नाफामुलक)	३०००	३०००
३७.	ड्राईभिङ सेन्टर चार पांग्रे वा दुई पांग्रे	५०००	५०००
३८.	होमडेकोर	१५००	१५००
३९.	फिटनेस सेन्टर	२०००	२०००
४०.	रोधी/दोहोरी घर	५०००	५०००

क्र. स.	विवरण	करको दर	
		आ.व २०८२/८३	आ.व २०८३/८४
४१.	फुटसल,पुल हाउस, स्नोकर हाउस	३०००	३०००
४२.	डान्स ईन्स्टिच्युट	१०००	१०००
४३.	ट्रान्सपोर्ट सेवा	१५००	१५००
४४.	मेसिनरी उपकरण मर्मत तथा विक्री(मोटर,जेनेरेटर आदि)	१५००	१५००
४५.	टुर्स एण्ड ट्राभल्स	२०००	२०००
४६.	कृषि उपकरण मर्मत तथा विक्री	१०००	१०००
४७.	साईवर सेवा, फोन,नेट तथा गेम सेन्टर	१०००	१०००
४८.	सिनेमा हल	५०००	५०००
४९.	ब्रोकर एजेन्सी (सेयर कारोबार गर्ने)	५०००	५०००
५०.	सूचीदर्ता (सबै प्रकारको)	५००	५००
४.३ कृषि तर्फ			
१.	पोल्ट्री फर्म (पाँच लाख भन्दा कम पुँजी)	२०००	२०००
२.	पोल्ट्री फर्म (पाँच लाख भन्दा बढि पुँजी)	५०००	५०००
३.	कालिज फर्म	२०००	२०००
४.	बंगुर फर्म (पाँच लाख भन्दा कम पुँजी)	२०००	२०००
५.	बंगुर फर्म (पाँच लाख भन्दा बढि पुँजी)	५०००	५०००
६.	कृषि फर्म	१०००	१०००
७.	माछा पालन व्यावसाय	१०००	१०००
८.	कृषि सामग्री बिक्रि केन्द्र	१०००	१०००
९.	एग्रोभेट	२०००	२०००
१०.	कृषि उपकरण मर्मत तथा बिक्रि	२०००	२०००
११.	रासायनिक मल,विउ विजन,किटनासक औषधि,दाना, चल्ला,बिक्रि भेटेनरी सेवा समेत	२०००	२०००
१२.	अन्य कृषिजन्य व्यावसाय	१०००	१०००

क्र. स.	विवरण	करको दर	
		आ.व २०८२/८३	आ.व २०८३/८४
४.४ होटल व्यवसाय तर्फ			
१.	चिया नास्ता खाना खाजा	५००	५००
२.	होटल तथा लज ५ कोठा सम्म	१०००	१०००
३.	होटल तथा लज १० कोठा सम्म	१५००	१५००
४.	१० कोठा भन्दा माथिका होटल तथा लज	३०००	३०००
५.	अतिरिक्त सुविधा सहितको रिसोर्ट तथा अन्य ब्राण्ड लिएका व्यावसाय	५०००	५०००
४.५ स्वास्थ्य तर्फ			
१.	औषधि पसल-थोक बिक्रेता	५०००	५०००
२.	औषधि पसल-खुद्रा बिक्रेता	२०००	२०००
३.	निजी अस्पताल तथा नर्सिंग होम	१००००	१००००
४.	क्लिनिक,निजी क्लिनिक,डेन्टल तथा ल्याब सेवा	५०००	५०००
४.६ कम्पनी तर्फ			
१.	बिज्ञापन एजेन्सी	२०००	२०००
२.	परामर्श दाता (कन्सलटेन्सी)	१००००	१००००
३.	बोर्डिंग स्कूल(आधारभूत १-३)	५०००	५०००
४.	बोर्डिंग स्कूल(आधारभूत १-५)	७०००	७०००
५.	बोर्डिंग स्कूल(आधारभूत १-८)	१२०००	१२०००
६.	बोर्डिंग स्कूल माध्यमिक(९-१२)	१८०००	१८०००
७.	निजि क्याम्पस	२००००	२००००
८.	पूर्व आधारभूत तह मन्टेश्वरी	५०००	५०००
९.	कानुनी परामर्श तथा लेखापढी सेवा केन्द्र	२०००	२०००
१०.	इन्जिनियरिंग परामर्श सेवा केन्द्र	१००००	१००००
११.	शैक्षिक परामर्श (कम्प्युटर, टूयुशन, भाषा शिक्षण) सेवा केन्द्र	१००००	१००००

क्र. स.	विवरण	करको दर	
		आ.व २०८२/८३	आ.व २०८३/८४
१२.	मोबाईल कम्युनिकेसन टावर	२००००	२००००
१३.	इन्टरनेट टावर अनुमति	१५०००	१५०००
१४.	केबुल प्रसारण अनुमति	१००००	१००००
१५.	फोटोकपी,फ्याक्स,लेमिनेशन,बेंडीग सेवा	१०००	१०००
१६.	कुरिअर तथा कार्गो सेवा	३०००	३०००
१७.	जीवन विमा कम्पनी	१००००	१००००
१८.	निर्जिवन विमा कम्पनी	५०००	५०००
४.७ वित्तीय संस्था			
१.	'क' वर्ग बैंक वा वित्तीय संस्था	३००००	३००००
२.	'ख' वर्ग बैंक वा वित्तीय संस्था	२००००	२००००
३.	'ग' वर्ग बैंक वा वित्तीय संस्था	१५०००	१५०००
४.	'घ' वर्ग बैंक वा वित्तीय संस्था	१००००	१००००
५.	रेमिट्यान्स सेवा	५०००	५०००
६.	कृषि सहकारी संस्था	५०००	५०००
७.	बचत तथा ऋण सहकारी संस्था	१००००	१००००
८.	बचत तथा ऋण सहकारी संस्थाको लेखा परिक्षण रिपोर्ट अनुसार प्रति एक लाख नाफामा	०.५%	०.५%
९.	कृषि तथा सेवामुलक सहकारी संस्थाको लेखा परिक्षण रिपोर्ट अनुसार प्रति एक लाख नाफामा	०.५ %	०.५ %
१०.	महिला तथा वचत सहकारी संस्थाको लेखा परिक्षण रिपोर्ट अनुसार प्रति एक लाख नाफामा	०.१ %	०.१ %
११.	रेमिटेन्स सेवा बार्षिक मुनाफाको	१ %	१ %
१२.	बिमा कम्पनी /एजेन्ट कम्पनी दर्ता	५०००	५०००
४.८ उद्योग तर्फ			
१.	पाउरोटी,बरफ,बिस्कुट,तथा चाउमिन उधोग	१०००	१०००

क्र. स.	विवरण	करको दर	
		आ.व २०८२/८३	आ.व २०८३/८४
२.	पोलिथिन पाइप तथा अन्य प्लास्टिकका सामानहरुको उद्योग	५०००	५०००
३.	चिउरा भुजा चामल उद्योग	५०००	५०००
४.	गार्मेन्ट उद्योग	५०००	५०००
५.	फर्निचर उद्योग	३०००	३०००
६.	फर्निचर उद्योग तथा स-मिल समेत	५०००	५०००
७.	मैनबत्ती तथा अगर बत्ति उद्योग	५००	५००
८.	मसला उद्योग	५००	५००
९.	साबुन उद्योग	१०००	१०००
१०.	ह्याचरी उद्योग	५०००	५०००
११.	ह्युम पाइप, बिधुत पोल ,तार बार पोल सिमेन्ट ब्लक र सिमेन्ट रेलिंग उद्योग	५०००	५०००
१२.	बालुवा खानी /ढुंगा गिट्टी खानी संचालन	३००००	३००००
१३.	झोला तयारी गर्ने उधोग (कपडाको)	१०००	१०००
१४.	डेरी उधोग (दुग्ध तथा दुग्ध सम्बन्धी अन्य व्यबसाय)	१०००	१०००
१५.	ग्रिल उद्योग	५०००	५०००
१६.	कुटानी पिसानी मिल	१०००	१०००
१७.	पानी घट्ट	५००	५००
१८.	ब्लक,रिंग उद्योग	५०००	५०००
१९.	ब्लक,रिंग, टायल उद्योग	८०००	८०००
२०.	इट्टा उद्योग (चिम्नी नभएको)	१००००	१००००
२१	इटा तथा टायल उद्योग(चिम्नी सहित)	५००००	५००००
२२.	मादल,खैजडी ,लगायत स्थानीय बाजा निर्माण तथा बिक्रि	५००	५००
२३.	सिरक डसना उद्योग	३०००	३०००
२४.	छाला जुत्ता उत्पादन तथा बिक्रि पसल	५००	५००

क्र. स.	विवरण	करको दर	
		आ.व २०८२/८३	आ.व २०८३/८४
२५.	पेट्रोल पम्प सिफारिस	७००००	७००००
२६.	आरन घर संचालन	२००	२००
२७.	१० लाख सम्म लगानी भएको ग्रिल/स्टिल/ आलमुनीयम UPVC/CPVC फेब्रिकेसन	३०००	३०००
२८.	क्रसर उद्योग	७००००	७००००
२९.	सिमेन्ट उद्योग	७००००	७००००
३०.	ग्यास उद्योग	१०००००	१०००००
३१.	बालुवा धुने उद्योग	४००००	४००००
३२.	बालुवा खानी तथा ढुंगा खानी अनुमति सिफारिस दस्तुर (IEE स्वीकृत भए पस्चात मात्र)	५००००	५००००
३३.	बालुवा खानी तथा ढुंगा खानी नामसारी दस्तुर	२००००	२००००
३४.	ढुंगा गिट्टी बालुवा ग्राबेल रोडा माटो चुनढुंगा स्लेट उत्खनन संकलन विक्री तथा निकासी कर	प्रदेश सरकारले तोकेबमोजिम हुने	
४.९ निर्माण व्यबसायी			
१.	'क' श्रेणी	१०००००	१०००००
२.	'ख' श्रेणी	७००००	७००००
३.	'ग' श्रेणी	५००००	५००००
४.	'घ' श्रेणी	३००००	३००००
५.	'घ' श्रेणीको नामसारी	१००००	१००००
६.	'घ' श्रेणीको ईजाजत प्रतिलिपी	५०००	५०००
४.१० यातायात व्यवसाय तथा रुट परमिट शुल्क			
१.	इट्टा,ढुंगा तथा वालुवा संकलन(डिपो)	१००००	१००००
२.	टेम्पो,म्याजिक तथा अटो रिक्सा	२०००	२०००
४.११ पटके/घुम्ती व्यावसाय कर (थोक विक्रि मात्र)			
१.	किराना सामाग्री	१०००	१०००
२.	सिरक डसना निर्माण (मेसिन तथा ट्याक्टर समेत)	५०००	५०००

क्र. स.	विवरण	करको दर	
		आ.व २०८२/८३	आ.व २०८३/८४
३.	फेन्सी सामाग्री	१०००	१०००
४.	मदिरा जन्य पदार्थ	१०००	१०००
५.	दाना चल्ला तथा अन्य पोल्ट्रि व्यावसायसंग सम्बन्धित	१०००	१०००
६.	पाउरोटि,बरफ,विस्कुट,दालमोठ, चकलेट आदि	५००	५००
७.	श्रृङ्गार तथा कस्मेटिक सामाग्रीहरू	१०००	१०००

१. **नविकरण**: व्यावसाय नविकरण गर्दा दर्ताको ५०% कर छुट हुनेछ तर अन्य कर तथा सेवा शुल्कको हकमा कर छुट हुने छैन।

२. **जरिवाना** : (१) आ.व. को पहिलो ३ महिना सम्म (आश्विन मसान्त सम्म) नविकरण गर्दा जरिवाना लाग्ने छैन । त्यसपछि पौष मसान्त सम्म नबिकरण शुल्कको २५ %, चैत्र मसान्त सम्म ५० % र पछिको हकमा शत प्रतिशत जरिवाना लाग्नेछ।

(२) प्रत्येक वर्ष नविकरण नगर्ने व्यावसायको हकमा वक्यौता रकमको १०% थप जरिवाना लाग्नेछ।

(३) प्रमाणपत्र हराएको,च्यातिएको वा नष्ट भएकोमा (तोकिए बमोजिम बाहेक) प्रतिलिपी शुल्क रू १०० लाग्नेछ।

नोट: माथि उल्लेखित छुट हुन् गएका ब्यबसायहरुलाई प्रकृति हेरी उल्लेखित ब्यबसाय सँग मेल खाने किसिमको दरमा गाउँ कार्यपालिका बाट निर्णय गरि रु. ५०० देखि ५००० सम्म लिन सकिनेछ । साथै उल्लेखित व्यवसायको प्रकृति दोहोरिएको भए दोहोरिएको मध्ये जुन व्यवसायको दर शुल्क बढि छ सोहि अनुसार दर शुल्क कायम हुनेछ।

अनुसूची ५

ऐनको दफा ६ सँग सम्बन्धित

५. निषेधित बाहेकका जडिबुटी तथा जीवजन्तु सम्बन्धि कर

क्र. स.	विवरण	करको दर	
		आ.व २०८२/८३	आ.व २०८३/८४
५.१ चौपाय,चखेरु जन्य पदार्थ एवं अंग			
१.	हाड प्रति के.जी	१	१
२.	सिंग प्रति के.जी.	१	१
३.	खुर प्रति के .जी.	१	१
४.	छाला ठुलो प्रति गोटा	२०	२०
५.	छाला सानो प्रति गोटा	१०	१०
६.	हाँस ,कुखुरा जस्ता पन्छीहरुको प्वाख प्रति के.जी	३	३
७.	जगर ऊन(प्राकृतिक र कृतिम)प्रति के.जी.	५	५
५.२ बनपैदावार			
१.	सुके/ढलेका प्रयोग गर्न लायक सालको काठ प्रति क्युफिट	१००	१००
२.	सुके/ढलेका प्रयोग गर्न लायक सिसौ लगायतको काठ प्रति क्युफिट	५०	५०
३.	सुके/ढलेका काठ दाउरा प्रयोगका लागि प्रति कुविन्टल	१००	१००
४.	बाँस गोटा	५	५
५.	बन नियमावलीले तोकिएको जडिबुटी प्रति के.जी	१	१
६.	वनकास, अम्रिसो, वावियो, छवाली, पराल ,लोक्ता, निगालो प्रति के.जी	१	१
७.	खोटो (लिसो) प्रति के.जी	१	१
८.	सालको (विया) प्रति के जी	१	१
९.	सल्लाको सिम्टा प्रति के जी	१	१
पुनश्च: बन पैदवारको विक्रिविरतणबाट आम्दानी हुने सबै प्रकारका लाभहरुमा १०% लाभकर लाग्नेछ ।			

अनुसूची ६
ऐनको दफा ७ सँग सम्बन्धित

६. सवारी साधान करः

क्र. स.	विवरण	करको दर	
		आ.व २०८२/८३	आ.व २०८३/८४
१.	एक्कसाभेटर (एक आ.व को लागि गा.पा.मा सूचीकृत)	१५०००	१५०००
२.	जेसिवी (एक आ.व को लागि गा.पा.मा सूचीकृत)	१००००	१००००
३.	रोलर (एक आ.व को लागि गा.पा.मा सूचीकृत)	५०००	५०००
अन्य सवारी साधन शुल्क प्रदेश कानून बमोजिम			

अनुसूची ७
ऐनको दफा ८ सँग सम्बन्धित

७. विज्ञापन कर

क्र. स.	विवरण	करको दर	
		आ.व २०८२/८३	आ.व २०८३/८४
१.	तुल ब्यानर प्रति बर्गफुट एक हप्ता सम्मको लागि	५	५
२.	तुल ब्यानर प्रति बर्गफुट पन्ध्र दिन सम्मको लागि	१०	१०
३.	तुल ब्यानर प्रति बर्गफुट तिस दिन सम्मको लागि	१५	१५
४.	डिजिटल प्रकृतिको बिज्ञापन	१००	१००
५.	वाल पेन्ट बिज्ञापन प्रति वर्ग.फिट	१०	१०
६.	आफ्नो व्यवसाय को पहिचान को लागि व्यबसाय स्थलमा राखेको साइनबोर्डको	५००	५००
७.	माथि उल्लेखित बाहेकका वोर्ड तथा पेन्टिङ एवं लेखन प्रति बर्गफुट	१५	१५
पुनश्चः बिज्ञापन कर ठेक्कामा लगाउँदा प्रति वर्ष न्यूनतम रू एक लाखमा नघट्ने गरी एक पटकमा अधिकतम ३ वर्षका ठेक्का लगाउन सकिनेछ ।			

अनुसूची ८
ऐनको दफा ९ सँग सम्बन्धित

८. मनोरञ्जन कर

क्र. स.	विवरण	करको दर	
		आ.व २०८२/८३	आ.व २०८३/८४
१.	सिनेमा हल	१००००	१००००
२.	नाट्यशाला	२०००	२०००
३.	रोधीघर	५०००	५०००
४.	दोहोरि साँझ	५०००	५०००
५.	सांस्कृतिक प्रदशनी (विभिन्न सांस्कृतिक कार्यक्रम)	१०००	१०००
६.	जादु,सर्कस ,चटक	४००	४००
७.	र्याफ्टङ,कायाकिङ,क्यान्योनिङ,प्याराग्लाईडिङ, बन्जिजम्प	२०००	२०००
पुनश्च: कुनै पनि संघ संस्थाबाट आयोजना हुने महोत्सब प्रदर्शनीको प्रवेश शुल्कमा टिकटको ५ प्रतिशत र सो प्रदशनीस्थलको भित्र रमाइलो मेला सर्कस यस्तै प्रकृतिका अन्य कार्यक्रममा टिकटको १० प्रतिशत कर लाग्नेछ।			

अनुसूची ९
(ऐनको दफा १०सँग सम्बन्धित)

९. बहाल बिटौरी कर

क्र. स.	विवरण	करको दर	
		आ.व २०८२/८३	आ.व २०८३/८४
१.	आफुले निर्माण रेखदेख र संचालन गरे/ गराएको पसल, कवल, हाटबजारको भाडा प्रति वर्ग फिट स्थान हेरी	(१००-२००)	(१००-२००)
२.	अन्य सार्वजनिक जग्गा भाडा प्रति वर्ग फिट स्थान हेरी	(३०-५०)	(३०-५०)

क्र. स.	विवरण	करको दर	
		आ.व २०८२/८३	आ.व २०८३/८४
३.	पर्ति/ऐलानी जग्गा भाडा प्रतिवर्ग फिट स्थान हेरी	(३०-५०)	(३०-५०)
४.	पूर्व स्वीकृति लिई सार्वजनिक बाटो छेउ अस्थायी पसल संचालन भाडा प्रति वर्ग फिट	(५-१०)	(५-१०)
पुनश्च: ५ वर्ष वा सो भन्दा वढि समयको लागि भाडामा दिदाँ वार्षिक अग्रिम भाडा बुझाएमा १०% सम्म छूट दिन सकिनेछ।			

अनुसूची १०

(ऐनको दफा ११ सँग सम्बन्धित)

१०. पार्किङ स्थलमा सवारी पार्किङ गरे वापत लिइने पार्किङ शुल्क

क्र. स.	विवरण	करको दर		कैफियत
		आ.व २०८२/८३	आ.व २०८३/८४	
१०.१ पार्किङ शुल्क				
१.	पटके	१०	१०	प्रतिदिन
२.	दुई पांग्रे (मोटरसाईकल)	१५	१५	प्रतिदिन
३.	चार पांग्रे	२०	२०	प्रतिदिन
४.	बस, ट्रक, ट्रीपर,जेसिबी	३०	३०	प्रतिदिन
१०.२ निषेधित क्षेत्रमा पार्किङको लागि जरिवाना				
१.	दुई पांग्रे (मोटरसाईकल)	१००	१००	प्रतिदिन
२.	चार पांग्रे (जीप,कार,भ्यान,माईक्रोवस)	२००	२००	प्रतिदिन
३.	ठुला सवारी साधन (बस, ट्रक, ट्रीपर,जेसिबी लगायत अन्य)	५००	५००	प्रतिदिन

अनुसूची ११
(ऐनको दफा १२ सँग सम्बन्धित)

११. सेवा शुल्क/ दस्तुर

क्र. स.	विवरण	करको दर		कैफियत
		आ.व २०८२/८३	आ.व २०८३/८४	
११.१ सेवा शुल्क				
१.	मन्त्रालय सिफारिस	२००	२००	योजना माग तथा फरफारक सिफारिस
२.	विभाग सिफारिस	२००	२००	
३.	डिभिजन सिफारिस	२००	२००	
४.	रकम कलम उठाय बापत सयकडा	१ %	१ %	
५.	हरेक निबेदन दर्ता शुल्क प्रति टिकट गोटा बापत	१०	१०	
६.	न्यायिक समिति निवेदन दर्ता शुल्क	१००	१००	
७.	मिलापत्र शुल्क दुवै पक्षलाई आधा	५००/५००	५००/५००	
८.	घर न. प्लेट प्रतिगोटा	१००	१००	
९.	टोल सुधार/विकास समुह/समिति दर्ता/ नविकरण शुल्क	५००	५००	
१०.	नागरिकता सर्जिमन मुचुल्का	२००	२००	
११.	कृषि/पशुजन्य व्यबसाय दर्ताको सर्जिमन मुचुल्का	२००	२००	
१२.	अन्य सर्जमिन मुचुल्का	५००	५००	
१३.	जग्गा नापी गर्न फिल्डमा अमिनी खटाए बापत (प्रति पटक)	रु २०००	रु २०००	
११.२ घर नक्सा पास दस्तुर				
१.	नक्सा पास निवेदन फाराम दस्तुर	५००	५००	
२.	पक्की घरको लागि पर्खाल निर्माण प्रति sq.ft दस्तुर	१	१	
३.	कच्ची घरको लागि पर्खाल निर्माण प्रति sq.ft. दस्तुर	०.५	०.५	
४.	गा.पा हुनुभन्दा अघि निर्माण गरेको नक्सा पास मापदण्ड प्रति sq.ft दस्तुर	३	३	

क्र. स.	विवरण	करको दर		कैफियत
		आ.व २०८२/८३	आ.व २०८३/८४	
५.	साबिक घर परिवर्तन नहुनेगरि मर्मत सम्भार गर्नुपरेमा एकमुस्ट दस्तुर	५००	५००	
६.	नक्सा नामसारी तथा नविकरण सिफारिस	५००	५००	
७.	नयाँ घर नक्सा पास	२	२	
८.	निर्माण सम्पन्न प्रमाणपत्र	५००	५००	
९.	निर्माण सम्पन्न प्रमाणपत्र प्रतिलिपी	२००	२००	
पुनश्च: व्यवसायिक प्रयोजनको लागि नक्सा पास गर्दा ५०% थप शुल्क लाग्नेछ, साथै पुरानो घरको प्राबिधिक बाट अबलोकन गर्दा लाग्ने खर्च सम्बन्धित घर धनीले व्योहोर्नु पर्नेछ।				
११.३ अन्य सिफारिस/प्रमाणित दस्तुर				
१.	नागरिकता सिफारिस	२००	२००	
२.	नागरिकता प्रतिलिपि सिफारिस	५००	५००	
३.	अंगिकृत नागरिकता सिफारिस	१०००	१०००	
४.	गैर आवासिय नागरिकता प्रमाणपत्र सिफारिस	२०००	२०००	
५.	नाम थर संसोधन सिफारिस	३००	३००	
६.	फरक फकर नामथर एकै व्यक्ति भएको सिफारिस	३००	३००	
७.	प्रहरी मुचुल्का सिफारिस	२००	२००	
८.	चार किल्ला प्रमाणित	३००	३००	
९.	घर बाटो साँध सीमाना प्रमाणित	३००	३००	
१०.	फोटो सहितको नाता प्रमाणित	३००	३००	
११.	जग्गा नामसारी सिफारिस	५००	५००	
१२.	बेपत्ता नागरिकको जग्गा नामसारी सिफारिस	१०००	१०००	
१३.	आयोजना सम्झौता सिफारिस पालिकाभित्र (२ लाख सम्म)	५००	५००	

क्र. स.	विवरण	करको दर		कैफियत
		आ.व २०८२/८३	आ.व २०८३/८४	
१४.	आयोजना सम्झौता सिफारिस पालिकाभित्र (२ लाख भन्दा माथि)	१०००	१०००	
१५.	आयोजना सम्झौता दस्तुर पालिकाभित्र (उपभोक्ता समिति बाहेक)	५०००	५०००	
१६.	अन्य निकायमा गरिने आयोजना सम्बन्धी सिफारिस	१५००	१५००	
१७.	संस्था दर्ता सिफारिस	१५००	१५००	
१८.	संस्था नबिकरण सिफारिस	५००	५००	
१९.	बैदेशिक प्रयोजनको लागि सिफारिस	३००	३००	
२०.	रुख काट्ने अनुमति/ सिफारिस (निसेधित बाहेकका चिलाउने, कटुस, उत्तिस आदि कु काठ)	१००	१००	
२१.	रुख काट्ने अनुमति/सिफारिस (कानुन बमोजिम स्वीकृती लिएकोमा)	५००	५००	
२२.	बिधुत मीटर सिफारिस	२००	२००	
२३.	छुट जग्गा दर्ता सिफारिस (प्रति रोपनी)	५००	५००	
२४.	उधोग दर्ता सिफारिस	१०००	१०००	
२५.	कुटानी पिसानी मिल दर्ता (व्यावसायिक)	५००	५००	
२६.	कुटानी पिसानी मिल (घरेलु)	२००	२००	
२७.	स-मिल दर्ता सिफारिस	५००	५००	
२८.	अपुताली सिफारिस	२००	२००	
२९.	मोही लगत कट्टा सिफारिस	२००	२००	
३०.	घर कायम सिफारिस	२००	२००	
३१.	छात्रबृती सिफारिस	निशुल्क	निशुल्क	
३२.	बिपन्न बिधयार्थी छात्रवृत्ति सिफारिस	नि:शुल्क	नि:शुल्क	
३३.	अपाङ्ग/जेस्ठनागरिक सिफारिस	नि:शुल्क	नि:शुल्क	
३४.	अस्थाई बसोबास सिफारिस	२००	२००	

क्र. स.	विवरण	करको दर		कैफियत
		आ.व २०८२/८३	आ.व २०८३/८४	
३५.	स्थाई बसोबास सिफारिस	२००	२००	
३६.	आर्थिक व्यबस्था बलियो वा सम्पन्नता प्रमाणित सिफारिस	५००	५००	
३७.	आर्थिक व्यबस्था कम्जोर वा विपन्नता प्रमाणित	नि:शुल्क	नि:शुल्क	
३८.	धारा जडान सिफारिस	२००	२००	
३९.	जीवित रहेको सिफारिस	२००	२००	
४०.	जग्गा मुल्यांकन सिफारिस /प्रमाणित	२००	२००	
४१.	व्यबसाय बन्द सिफारिस	२००	२००	
४२.	व्यबसाय संचालन नभएको सिफारिस	२००	२००	
४३.	कोट फि मिनाह सिफारिस	२००	२००	
४४.	नावालक परिचय सिफारिस	निशुल्क	निशुल्क	
४५.	चौपाय खरिद बिक्रि सम्बन्धि सिफारिस	२००	२००	
४६.	उद्योग/व्यावसाय ठाउँ सारी सिफारिस	२००	२००	
४७.	बिद्यालय ठाउँ सारी सिफारिस	२००	२००	
४८.	आन्तरिक बसाइसराइ सिफारिस	२००	२००	
४९.	बिद्यालय संचालन,स्वीकृति/कक्षा थप सिफारिस	२००	२००	
५०.	संरक्षक सिफारिस (व्यक्तिगत)	१००	१००	
५१.	संरक्षक सिफारिस (संस्थागत)	२००	२००	
५२.	नेपाल सरकारको नाममा बाटो कायम सिफारिस	निशुल्क	निशुल्क	
५३.	जीवितसंग को नाता प्रमाणित	२००	२००	
५४.	मृतकसंग को नाता प्रमाणित	२००	२००	
५५.	निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस	निशुल्क	निशुल्क	
५६.	विवरण खुलाई पठाउने सिफारिस	२००	२००	

क्र. स.	विवरण	करको दर		कैफियत
		आ.व २०८२/८३	आ.व २०८३/८४	
५७.	विवाहित प्रमाणित	२००	२००	
५८.	विवाहित प्रमाणित (अंग्रेजीमा)	५००	५००	
५९.	विदेशीसंग विवाहित प्रमाणित	५००	५००	
६०.	विदेशीसंग विवाहित प्रमाणित(अंग्रेजीमा)	१०००	१०००	
६१.	अविवाहित प्रमाणित	२००	२००	
६२.	अविवाहित प्रमाणित (अंग्रेजीमा)	५००	५००	
६३.	साक्षी/रोहोबर दस्तुर	२००	२००	
६४.	जग्गा धनि पुर्जा हराएको सिफारिस	२००	२००	
६५.	अंग्रेजीमा सिफारिस तथा प्रमाणीकरण	५००	५००	
६६.	संघ संस्था नबिकरण सिफारिस दस्तुर ३५ दिन भित्र	२००	२००	
६७.	संघ संस्था नबिकरण सिफारिस दस्तुर ३५ दिन पछि	५००	५००	
६८.	गाउँपालिका क्षेत्रभित्र कार्यक्रम सचालन गर्न गै.स.स. लाई अनुमति सिफारिस	३०००	३०००	
६९.	गाउँपालिका क्षेत्र भित्र कार्यक्रम सचालन गर्ने गै.स.स. अभिलेखिकरण	५०००	५०००	
७०.	कागजात प्रमाणित दस्तुर	२००	२००	
७१.	कन्सुलर प्रमाणित दस्तुर	५००	५००	
७२.	जेष्ठ नागरिक परिचय पत्र	निशुल्क	निशुल्क	
७३.	अन्य सिफारिस दस्तुर (वडाबाट)	२००	२००	
७४.	वडाले गर्ने बाहेकका अन्य सिफारिस दस्तुर	५००	५००	
११.४ घटना दस्तुर				
१.	घटना दर्ता ३५ दिन भित्र	निशुल्क	निशुल्क	
२.	घटना दर्ता ३५ दिन भन्दा पछि	२००	२००	

क्र. स.	विवरण	करको दर		कैफियत
		आ.व २०८२/८३	आ.व २०८३/८४	
३.	घटना दर्ता प्रतिलिपि	५००	५००	
४.	जन्म प्रमाणित/मृत्यु प्रमाणित	५००	५००	
११.५ जलस्रोत समितिबाट निर्णय भइ आएका जलस्रोत उ.स हरुको प्रमाण-पत्र उपलब्ध गराए बापत दस्तुर				
१.	खानेपानी तथा सिंचाईको मुहान दर्ता	१५००	१५००	
२.	पेल्ट्रिक सेट ५ किलोवाट भन्दा माथि	१०००	१०००	
३.	लघु जलबिधुत ६ किलोवाट देखि १० किलोवाट सम्म	१५००	१५००	
४.	नविकरण तथा प्रमाणपत्र प्रतिलिपि	५००	५००	
११.६ लेखा परीक्षक सूचिकृत				
१.	'क' श्रेणी	७०००	७०००	
२.	'ख' श्रेणी	५०००	५०००	
३.	'ग' श्रेणी	५०००	५०००	
४.	'घ' श्रेणी	४०००	४०००	
११.७ कृषि सेवा दस्तुर				
क) वीउ परिक्षण सेवा				
१.	उमार शक्ति परीक्षण	२३०	२३०	
२.	टेट्राजोलियम परीक्षण	२९०	२९०	
ख) माटो परिक्षण सेवा				
१.	प्राङ्गारिक पदार्थ विश्लेषण	१००	१००	
२.	माटोको पि.एच. विश्लेषण	१०	१०	
३.	टेक्स्चर विश्लेषण	३०	३०	
४.	नाइट्रोजन विश्लेषण	८०	८०	
५.	फोस्फरस विश्लेषण	१००	१००	
६.	पोटासियम विश्लेषण	८०	८०	

क्र. स.	विवरण	करको दर		कैफियत
		आ.व २०८२/८३	आ.व २०८३/८४	
७.	सुक्ष्म तत्व विश्लेषण (बोरोन, मोलिब्डेनम)(प्रति सुक्ष्म तत्व)	४००	४००	
८.	सुक्ष्म तत्व विश्लेषण (जिंक, आइरन, कपर र म्याङ्गनिज)(प्रति सुक्ष्म तत्व)	२५०	२५०	
ग) रासायनिक मल परिक्षण सेवा				
१.	कुल नाइट्रोजन विश्लेषण	३००	३००	
२.	नाइट्रेट नाइट्रोजन विश्लेषण	३००	३००	
३.	एमोनिकल नाइट्रोजन विश्लेषण	१५०	१५०	
४.	कुल फस्फोरस विश्लेषण	५००	५००	
५.	फ्रयाक्सनल फस्फोरस विश्लेषण (पानीमा घुलनशील, साइट्रिक एसिडमा घुलनशील/अघुलनशील)	१२००	१२००	
६.	पोटास (STPB) तरिका	६५०	६५०	
७.	पोटास (फ्लेम फोटोमिटर) तरिका	४००	४००	
घ) प्राङ्गरिक मल परिक्षण सेवा				
१.	कुल नाइट्रोजन विश्लेषण	४५०	४५०	
२.	नाइट्रेट नाइट्रोजन विश्लेषण	५००	५००	
३.	एमोनिकल नाइट्रोजन विश्लेषण	४००	४००	
४.	पोटास (फ्लेमफोटोमिटर) तरिका	४००	४००	
५.	चिस्यान विश्लेषण	२०	२०	
६.	प्राङ्गारिक कार्बन विश्लेषण	१२०	१२०	
७.	पि.एच. विश्लेषण	१२	१२	
११.८ पशु सेवा दस्तुर				
क) पशु स्वास्थ्य परिक्षण सेवा				
१.	गाई भैंसीको पोष्ट मार्टम	२००	२००	
२.	हात्ती, घोडा, बाँदर, अन्य वन्यजन्तुको पोष्टमार्टम	५००	५००	

क्र. स.	विवरण	करको दर		कैफियत
		आ.व २०८२/८३	आ.व २०८३/८४	
३.	भेडा, बाख्रा, खरायोको पोष्टमार्टम	५०	५०	
४.	सुँगुर, वंगुरको पोष्ट मार्टम	५०	५०	
५.	कुखुरा, चरा, हाँस अन्य पंक्षीको पोष्ट मार्टम	५०	५०	
६.	माछाको पोष्ट मार्टम	३०	३०	
७.	अन्य पशुपन्छीको पोष्ट मार्टम	५०	५०	
८.	कुकुर बिरालोको पोष्ट मार्टम	५००	५००	
९.	अन्य (मुसा खरायो आदी) पोष्ट मार्टम	५०	५०	
१०.	एक्सरे	४००	४००	
११.	अल्ट्रासाउन्ड	५००	५००	
१२.	मेजर अपरेशन	२००	२००	
१३.	ठूला चौपायाको मेजर अपरेशन	३००	३००	
१४.	साना चौपाया (कुकुर विरालो बाहेक) को मेजर अपरेशन	२००	२००	
१५.	कुकुर विरालो लगायत कम्प्यानियन जनावरको मेजर अपरेशन	१०००	१०००	
१६.	अन्य पशु (वन्यजन्तु समेत)	५००	५००	
१७.	घाउ ड्रेसिङ्ग	२००	२००	
१८.	माइनर अपरेशन	२००	२००	
१९.	Endoscopy	५००	५००	
२०.	Plastering	३००	३००	
२१	NeJa Rab (ARV. लि.मि. 1	७५	७५	
२२.	कल्चर सेन्सेटिभिटी	२००	२००	
२३.	मास्टाईटिस CMT टेष्ट	४०	४०	
२४.	गोबर परीक्षण	२५	२५	
२५.	रुटिन पिसाब परीक्षण	१००	१००	

क्र. स.	विवरण	करको दर		कैफियत
		आ.व २०८२/८३	आ.व २०८३/८४	
ख) रगत परिक्षण सेवा				
१.	हेमोग्लोबिन	४०	४०	
२.	CBC	१५०	१५०	
३.	TLC	२०	२०	
४.	DLC	४०	४०	
५.	RBC	२०	२०	
६.	ESR	२०	२०	
७.	Platelets	२०	२०	
८.	पि.भि.सि.	४०	४०	
ग) बायोकेमिकल परिक्षण सेवा				
१.	LFT (Liver Function Test)	३००	३००	
२.	AST/SGOT	५०	५०	
३.	ALT/SGPT	५०	५०	
४.	ALP	५०	५०	
५.	Total protein	५०	५०	
६.	S. Albumin	५०	५०	
७.	S. Bilirubin (Total)	२५	२५	
८.	Bilirubin (Direct)	२५	२५	
९.	RFT (Renal Function Test)	३००	३००	
१०.	BUN	५०	५०	
११.	Creatinine	५०	५०	
१२.	Sodium	१००	१००	
१३.	Potassium	१००	१००	
१४.	Glucose Test	५०	५०	

क्र. स.	विवरण	करको दर		कैफियत
		आ.व २०८२/८३	आ.व २०८३/८४	
१५.	Arterial Blood Gas Test	६००	६००	
१६.	Calcium	१००	१००	
१७.	Phosphorus	१००	१००	
१८.	Vitamin D3	८००	८००	
१९.	Lipid profile	३००	३००	
२०.	Coagulation test	१५०	१५०	
२१.	Thyroid (T3, T4, TSH)	४००	४००	
२२.	Blood parasite	५०	५०	
२३.	Skin scrapping	१००	१००	
२४.	सेरोलोजिकल परीक्षण	२००	२००	
२५.	हिस्टोप्याथोलोजिकल परीक्षण	३००	३००	
घ) भाईरोलोजी परिक्षण सेवा				
१.	रेपिड टेस्ट	५०	५०	
२.	एच.ए/ एच. आइ.	५०	५०	
३.	मलिकुलर टेस्ट	५००	५००	
ङ) दाना परिक्षण सेवा				
१.	Rapid Test by NIRS Method	५००	५००	
२.	Proximate analysis (Energy, Moisture, CP, CF, Crude Fat, Ash, Calcium, Urea)	१५५०	१५५०	
३.	Moisture	१००	१००	
४.	Crude Fat	२५०	२५०	
५.	Crude Fiber/ADF/NDF	३००	३००	
६.	Crude Protein	३००	३००	
७.	Urea	५००	५००	

क्र. स.	विवरण	करको दर		कैफियत
		आ.व २०८२/८३	आ.व २०८३/८४	
८.	Calcium	२४०	२४०	
९.	Phosphorus	१७५	१७५	
१०.	Other elements	५००	५००	
११.	Energy	४००	४००	
१२.	Ash	२००	२००	
च) HPLC विधिबाट हुने परिक्षण सेवा				
१.	Vitamin	१०००	१०००	
२.	Amino Acid	१०००	१०००	
३.	Mycotoxin	१०००	१०००	
११.९ अन्य दर्ता/नविकरण/ सिफारिस दस्तुर				
१.	बन उपभोक्ता समुह/समिति	१०००	१०००	
२.	प्रतिष्ठान	१०००	१०००	
३.	बाल क्लब	२००	२००	
४.	आमा समूह	५००	५००	
५.	यूवा क्लब	५००	५००	
६.	किशोरी समुह	२००	२००	
पुनश्चः प्रत्येक आ.व. को असोज मसान्तभित्र नबिकरण गर्न आएमा दर्ताको ५०% कर छुट हुनेछ।				
११.१० सम्पति मुल्यांकन				
१.	रु ५ लाख सम्मको	५००	५००	
२.	रु ५ लाख भन्दा माथि रु ५० लाख सम्मको	२५००	२५००	
३.	रु ५० लाख भन्दा माथि रु १ करोड सम्मको	५०००	५०००	
४.	रु १ करोड भन्दा माथि जति सुकै भए पनि	७५००	७५००	

अनुसूची १२

ऐनको दफा १३ सँग सम्बन्धित

१२. पर्यटन शुल्क (प्रदेश ऐनले तोके बमोजिम बाहेक)

क्र. स.	विवरण	करको दर	
		आ.व २०८२/८३	आ.व २०८३/८४
१२.१ मठ, मन्दिर शिवालय ,चर्च ,गुम्बा मस्जित			
१.	सबै किसिमको मठ,मन्दिर,मस्जिद,गुम्बा,विहार,र चर्च दर्ता तथा नविकरण	१०००	१०००
२.	जलविहार अनुमती दर्ता/नवीकरण	८०००	८०००
पुनश्चः ऐतिहासिक,पुरातात्विक,धार्मिक,सास्कृतिक तथा अन्य मनोरञ्जन स्थलहरूमा आन्तरिक, बाह्य एवं विदेशी पर्यटकहरूलाई लगाईने प्रवेश शुल्क कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।			

अनुसूची १३

ऐनको दफा १४ सँग सम्बन्धित

१३. फोहोर मैला व्यवस्थापन शुल्क

क्र. स.	विवरण	करको दर		कैफियत
		आ.व २०८२/८३	आ.व २०८३/८४	माषिक
१३.१ घरायसी फोहोर संकलन				
१.	गाउँ क्षेत्रका फोहोर संकलन प्रति घर धुरी	१००	१००	
२.	निजी विद्यालय,क्लिनिक तथा अन्य संगठित संघ/सस्था	३००	३००	
१३.२ व्यवसायको प्रकृति अनुसार थप शुल्क मासिक				
१.	सवारी साधन मर्मत केन्द्र चार पांग्रे वा सो भन्दा माथिका	३००	३००	
२.	मोटरसाइकल वर्कसप	२००	२००	
३.	कवाडी संकलन केन्द्र	२००	२००	
४.	बधशाला	३००	३००	

क्र. स.	विवरण	करको दर		कैफियत
		आ.व २०८२/८३	आ.व २०८३/८४	माषिक
५.	राँगो तथा बंगुरको मासु विक्री पसल	१००	१००	
६.	माछा तथा खसी,बोका र कुखुराको मासु विक्री पसल	१००	१००	
७.	तरकारी संकलन तथा होलसेल विक्री केन्द्र	१००	१००	
१३.३ सरकारी तथा अन्य नाफारहित संघ संस्थाको लागि				
१.	सरकारी कार्यालय तथा अन्य नाफा रहित संघ/संस्थाहरू	निःसुल्क	निःसुल्क	

पुनश्च: सामान्य फोहोर व्यबस्थापनको लागि अस्पताल, निजी अस्पताल तथा अन्य क्लिनिकहरूले औषधीजन्य उपचारमा प्रयोग भए पस्चात विषर्जित हुने उपकरणहरू, सामाग्रीहरूको निर्मलीकरण तथा मेडिकलजन्य संक्रमण हुने फोहोरहरू सम्बन्धित अस्पताल,क्लिनिक तथा मेडिकल स्वयमले नै व्यबस्थापन गर्नुपर्नेछ । निर्मलिकरण नगरी फोहोरमा मिसाएमा कसुर गरेको ठहरीनेछ । त्यस्तो कसुर गर्ने निजी क्षेत्रलाई पालिकाले पहिलो पटक रू ५०० र दोस्रो पटकदेखि रू १००० का दरले जरिवाना गर्न सक्नेछ ।

आज्ञाले,
बिरसिंह भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

त्रिपुरासुन्दरी गाउँपालिकाद्वारा प्रकाशित ।